# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

## चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय**

**निर्णय नं. २२**

**निवेदक/वादीको नाम, थर, ठेगाना**

मान बहादुर लामाको नाति अर्जुन लामाको छोरा काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ७ बस्ने वर्ष ३९ को सिल कुमार लामा .....................१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

मदन मोहराको पत्नी काठमाडौँ जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ३ बस्ने वर्ष अं. ३५ को सन्जु मोहरा ..............................................................१

**वादीको साक्षी**

क) ..........................................

**प्रतिवादीको साक्षी**

क) ..................................................

**कागज प्रमाण**

क) नागरिकता प्रमाण पत्रको फोटोकपी थान ..........................................................१

ख) मिति २०६८/१२/०९ गतेको चेकको फोटोकपी थान ...................................................१

**कागज प्रमाण**

क) ...........................................

न्यायिक समितिबाट बुझेको साक्षी ................

**प्रमाणहरू :**

१) प्राविधिक शाखाको प्रतिवेदन थान ..........................................................१

**मुद्दाः ज्याला वापतको रकम दिलाई न्याय गरी पाउँ ।**

**मु.नं. : ४१** **दर्ता मिति : २०७९/०६/०९**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

(क) निवेदक उजुरीकर्ताले चन्द्रागिरि नगरपालिका वडा नं. ३ मा स्थायी रुपमा बसोबास भई सोही वडामा रहेको जग्गामा निर्माण रहेको घर निर्माण भए पश्चात घरको सुरक्षाको लागि फलामको काम बाँकी रहेकोले भन्ने कुरा साथीभाई मार्फत थाहा जानकारी भई विपक्षी

सँग कुराकानी गरी छलफलबाट सामान सहितको मूल्य निर्धारण गरे पश्चात सो घरमा निर्माण गर्नुपर्ने गोलो भऱ्याङ, मेन गेट, पानी ट्यांकीको स्टयाण्ड, झ्यालको ग्रील, कम्पाउण्ड बार लगायतको सम्पूर्ण फलामको कामको जिम्मा लिएको हुँ । काम गर्ने सिलसिलामा कामको गुणस्तरीयता कायम गरी ग्राहकलाई सन्तुष्ट बनाई आफुले तोकेको पारिश्रमिक लिने गरेकोमा म जस्तो मजदुर वर्गलाई ज्यालाबाट बंचित गराउने नियत गरेको कुरा बुझ्न सकिन । ज्याला वापतको रकम लिने दिने काममा विपक्षीले मिति २०६८/१२/०९ गतेको दिनमा विपक्षीको खाता रहेको रिलायन्स फाईनान्स लिमिटेडको खाता नं. ३०१२८००००००७७५ को चेक नं. ८२९००००००४ मार्फत नगद रु ४५,०००/- (अक्षरुपी पैतालिस हजार) भुक्तानी दिएकोमा उक्त चेकलाई उल्लेखित वित्तिय संस्थाले खातामा रकम मौज्दात नभएको भनि चेक फिर्ता गरिदियो । विपक्षीले जानाजान आफ्नो खातामा रकम नभएको थाहा पाउँदा पाउदै विश्वास नलागि विपक्षीलाई सर्म्पक गर्दा खातामा रकम नभएको आफुलाई थाहा नभएकाले सो चेक फिर्ता लिई पछि नगदै दिन्छु भनि प्रतिवद्धता जाहेर गरेकोले विश्वासमा परी बसेको हुँ । आफुलाई उच्च घरानाको व्यक्ति ठान्ने विपक्षीको इज्जत प्रतिष्ठामा आँच आउँछ भनि थोरै रकमको लागि मुद्दा मामिला नगरी बसेकोमा कुरा गर्दा व्याज सहित बाँकी रकम दिने मौखिक सहमति भएको थियो । विपक्षीसँग वादविवाद झैझगडा नगरी सकेसम्म भेटेर कुराकानी गरी समस्या समाधान गरौ भनि पटक पटक भेटघाट र सम्पर्क गर्न खोज्दा विपक्षीले मसँग भेटेपनि कुराकानी नगरी हिड्ने, सकेको गर्नुहोस् भनि जवाफले आजित भई उल्लेखित चेकमा रकम उल्लेख गरी चेक दिनुपर्ने कारण थिएन । बजार भाउ भन्दा कम रेटमा काम गर्दा पनि पाउनुपर्ने रकम नपाउँदा उल्टै दुःख हैरानी पाई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ र चन्द्रागिरि नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ को दफा ७ (क) र ९ बमोजिमको अधिनमा रहि ज्याला वापतको रकम पाउँ भन्ने व्यहोराको वादीको फिराद दावी ।

**<u>प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :</u>**

१) प्रतिवादीको नाउँमा म्याद जारी भएको म्याद ३ नं. वडा कार्यालयको सबैले देख्ने गरी सूचना पाटी साक्षी र जनप्रतिनिधिको रोहबरमा मिति २०७९/०८/१९ गते टाँस भएको म्याद बमोजिम गुज्रेको म्याद थामी प्रतिउत्तर दर्ता गर्ने म्याद समेत गुजारी बसेको देखिन्छ ।

**<u>वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :</u>**

घर संरचना निर्माण पश्यात ग्रिलको कामगरेको भनि पर्खालको बार, गेट फोटो तथा रिलायन्स फाईनान्स लिमिटेडको खाता नं. ३०१२८००००००७७५ को चेक नं. ८२९००००००४ मार्फत नगद रु ४५,०००/- (अक्षरुपी पैतालिस हजार) रहेको चेकको फोटोकपी समेत राखेको देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीको कानुनी व्यवसायी राख्नु भएको छैन । वादीले सन्जु मोहराको घर कम्पाउण्डमा आपसी सर्त बमोजिम निर्माण गरी हालेको ग्रिलको बाँकी रकम नगद रु ४५,०००/- (अक्षरुपी पैतालिस हजार) साँवा, व्याज सहित ज्याला उठाई न्याय गरी सम्पूर्ण बाँकी रकम उपलब्ध गराई पाउँ भनि राख्नु भएको बहस सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

पक्षहरू विचमा ग्रिल निर्माणको कार्य सम्पन्न गरी भुक्तानी हुन बाँकी नगद रु ४५,०००/- (अक्षरुपी पैतालिस हजार रुपैयाँ मात्र) ज्याला वापतको रकम भुक्तानी पाउनु पर्ने हो, होइन ? भन्ने विषय मुख मिलेको नदेखिन आयो ।

## निर्णय खण्ड

प्रस्तुत विवादको सम्बन्धमा नियमित पेशी सूचिमा चढि इजलाश समक्ष पेश हुन आएको ज्याला वापतको रकम दिलाई न्याय गरी पाउँ मुद्दामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ४७ को उपदफा (१) को देहाय (घ) अन्तर्गत पर्ने देखिंदा नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष निर्णयार्थ पेश भएको प्रस्तुत फिरादको विषयमा मिसिल संलग्न कागजातहरुको अध्ययन गरी उक्त विवादमा निर्णय गर्नुपर्ने देखिन आयो । उक्त विवादको विषयमा प्रतिवादीले ज्याला वापतको रकम सम्बन्धमा प्रतिवादीलाई घरको गेट निर्माण गर्दा लागेको रकम रु ४५,०००/- (अक्षेरुपी पैतालिस हजार मात्र) भुक्तानी गर्नुपर्ने वा नपर्ने तथ्यमा मुख मिलेको देखिएन । प्रतिवादीको नाउँमा मिति २०७९साल मंसिर महिनाको १९ गते सोमबार यस पालिकाको ३ नं. वडा कार्यालयमा ज्याला वापतको रकम दिलाई न्याय गरी पाऊँ विषयको म्याद/इतलायनामा बुझी लिनुपर्ने व्यक्ती/परिवारका सदस्य समेतलाई फोन सम्पर्क गर्दा म्याद बुझ्न आलटाल गरी पटक पटक झुलाउने गरेको हुँदा र घर दैलोमा टाँस गर्न असहयोग बुझ्न इन्कार गरेको कारणले निज सन्जु मोहराको नाउँको म्याद/इतलायनामा चन्द्रागिरि नगरपालिका ३ नं. वडा कार्यालयको सबैले देख्ने गरी सुचना पाटीमा साक्षी र कार्यवाहक वडा अध्यक्ष निरु घलेको रोहबरमा टाँस गरी सोही वडा कार्यालयमा एक प्रति म्याद बुझाएको म्याद रित पूर्वक नै देखिंदा प्रतिवादीले गुज्रेको म्याद थामी प्रतिउत्तर फिराउन पाउने म्याद समेत गुजारि बसेकोले प्रतिवादीले उक्त विवाद स्वीकार गरी जवाफ नफिराई बसेको देखिंदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (घ) बमोजिम प्रतिवादीको गेट निर्माण गर्दा लागेको रकम रु ४५,०००/- (अक्षेरुपी पैंतालिस हजार मात्र ।) वादीलाई भुक्तानी गर्नुपर्ने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड**

(क) प्रतिवादीले शुरु म्यादै गुजारी बसेको हुँदा पुनरावेदनको म्याद दिनु परेन ।......................१

(ख) प्रतिवादीले ज्याला वापतको रकम रु ४५,०००/- (अक्षेरुपी पैंतालिस हजार मात्र ।) वादीलाई भुक्तानी नगरे सम्म पालिकाबाट पाउने सम्पूर्ण सेवा सुविधा रोक्का राख्नु । ....................२

(ग) कार्यपालिकालाई यस निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु । ...........................३

(घ) निर्णयको नक्कल माग गर्ने सरोकारवालाबाट नियम बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनु । ...............................................................................................४

(ङ) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाई दिनु । ...५

२०६९।११।१६

**न्यायिक समितिका**

संयोजक : श्री बसन्ती श्रेष्ठ

२०६९।११।१६

**सदस्य**

श्री सीता मण्डल सत्याल

२०६९।११।१६

**सदस्य**

श्री रत्नलाल श्रेष्ठ

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७९ साल फागुन महिना १७ गते रोज ०४ शुभम् ..............................